# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
## आ.व. २०७८/०७९

बैठक नम्वर : १०२ औं बैठक मिति : २०७८/०८/०७

बैठक स्थान : गाउँपालिकाको सभा हल

आज मिति २०७८/०८/०७ गते यस पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामा ज्यू को अध्यक्षतामा १०२ औ कार्यपालिकाको बैठक वसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो

**उपस्थिति :**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री टासी लामा | अध्यक्ष | |
| २. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३. | श्री सुर्यमान दोङ | सदस्य | |
| ४. | श्री पासाङ लामा | सदस्य | |
| ५. | श्री ङिमा छिरिङ तामाङ | सदस्य | |
| ६. | श्री राम वहादुर तामाङ्ग | सदस्य | |
| ७. | श्री काले गोले | सदस्य | |
| ८. | श्री मान वहादुर तामाङ्ग | सदस्य | |
| ९. | श्री सार्की तामाङ्ग | सदस्य | |
| १०. | श्री बिष्णु बहादुर खड्का | सदस्य | |
| ११. | श्री गीता धिताल | सदस्य | |
| १२. | श्री गंगा श्रेष्ठ | सदस्य | |
| १३. | श्री कमला थापा | सदस्य | |
| १४. | श्री मीना कुमारी तामाङ्ग | सदस्य | |
| १५. | श्री टासी शेर्पा | सदस्य | |
| १६. | श्री वुद्ध कुमारी वि.क. | सदस्य | |
| १७ | श्री दिनेश कुमार पोखरेल | सचिब | |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर : १०२ औं                                        बैठक मिति : २०७८/०८/०७

बैठक स्थान : गाउँपालिकाको सभा हल

## प्रस्तावहरु एवं निर्णयहरु :

| सि.नं. | प्रस्तावहरु : | निर्णयहरु : |
|---|---|---|
| १. | पुनः निर्माणको समस्या समाधान सम्वन्धमा | ➢ मिति २०७८ मंसिर ९ गते भित्र सवै वडाका पुनः निर्माण सम्वन्धी अधुरा कार्यको विस्तृत विवरण पालिकामा वुझाउने र सो विषय सम्वन्धित निकायमा पेश गर्ने । |
| २. | ठूलो ढुङ्गाको मूर्ति निर्माणको कार्य जिम्मा दिने सम्वन्धमा | ➢ वडा नं. ७ मा रहेको ठुलो ढुङ्गामा मूर्ति वनाउने कार्यको लागि विशेष शिप र क्षमताको आवश्यक पर्ने भएकोले सो सम्वन्धी आवश्यक पर्ने कार्य नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, मुर्तिकला विभाग नक्साललाई जिम्मा दिने निर्णय गरियो । |
| ३. | कर्मचारीको माग आकृति विवरण सम्वन्धमा | ➢ यस पालिकामा रहेका कुनै पनि पदको दर्वन्दीमा तत्काल स्थायी पद पूर्तिको लागि सिफारीस नगर्ने निर्णय गरियो । |
| ४. | सार्वजनिक संरचना निर्माणमा जग्गा उपलब्ध गराउने | ➢ वडा नं. ६ को स्वास्थ्य चौकी र यस पालिकामा क्रियाशिल रहेका अन्य लक्षित समूहहरुको कार्यालय सन्चालनको लागि आवश्यक भवन निर्माणको गर्न पालिकाको जग्गा उपलब्ध गराउने निर्णय गरियो । |
| ५. | कार्यक्रम अनुमोदन सम्वन्धमा | ➢ बहुक्षेत्रीय पोषण कार्यक्रमको विभिन्न शिर्षककमा विनियोजन गरिएको बजेट सिलिङ्गलाई अनुमोदन गरी कार्यान्वियनको लागि सम्वन्धित सवै शाखालाई निर्देशन दिने निर्णय गरियो । |
| ६. | डा. को म्याद थप गर्ने सम्वन्धमा | ➢ तिपेनी अस्पतालमा कार्यरत डा. सोनाली खतिवडाको करार म्याद मिति २०७९ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो । |
| ७. | बाल विकास केन्द्र सन्चालन सम्वन्धमा | ➢ वडा नं. २ को रिपारमा बाल विकास केन्द्र सन्चालनको लागि आवश्यक प्रक्रिया अघि वढाउने निर्णय गरियो । |
| ८. | वाढी पीडितको नाम सिफारीस गर्ने सम्वन्धमा | ➢ यस पालिकाको मिति २०७८/०३/०१ गते र सो भन्दा अघि आएको भीषण वाढीबाट पीडित भएका र प्रहरी मुचुल्का समेत भई विपत व्यवस्थापन समितिबाट समेत सिफारीस भई आएका व्यक्तिहरुको विवरण आवश्यक प्रक्रियाको लागि सम्वन्धित निकायमा सिफारीस गर्ने निर्णय गरियो । |
| ९. | आर्थिक सहायता सम्वन्धमा | ➢ तपसिल बमोजिमका व्यक्तिहरुको नाममा आर्थिक सहायता माग भई आएकोले निम्न बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।<br>१.दुर्गा परियार वडा नं. ४ : २५०००।-<br>२.वम वहादुर वाईवा : रु.४०,०००।-<br>३.दल वहादुर खड्का वडा नं.८ रु.३०,०००।-<br>४. वडा नं. १ को वडा समितिको सदस्य माया वि.क.को |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
## आ.व. २०७८/०७९

बैठक नम्वर : १०२ औं बैठक मिति : २०७८/०८/०७

बैठक स्थान : गाउँपालिकाको सभा हल

| | | |
|---|---|---|
| | | मृत्यु भई निजको नाममा सो वडा कार्यालयले उपलब्ध गराएको रु. २५,०००।- आर्थिक सहायता वापतको रकम शोधभर्ना हुने गरी भुक्तानी दिने निर्णय गरियो । |
| १०. | फुटवल प्रतियोगिताको लागि आर्थिक सहयोग गर्ने सम्वन्धमा | ➢ वडा नं. ३ भोताङ्गमा पाँचपोखरी युवा क्लवले आयोजना गरेको फुटवल प्रतियोगितालाई खेलकूद शिर्षकबाट रु.१,१०,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो । |
| ११. | गन्छेन्पो हिमाल आरोहणको रुट निर्धारणको लागि सिफारीस गर्ने सम्वन्धमा | ➢ यस पालिका भित्र पर्ने गन्छेम्पो हिमाल आरोहणको रुण तपसिल बमोजिम कायम हुने गरी निर्धारण गर्न संस्कृति तथा पर्यटन मन्त्रालय लगायत सम्वन्धित सवै निकायलाई सिफारीस सहित अनुरोध गर्ने निर्णय गरियो ।<br>१. तिपेनी , धाप , कोट , भोताङ्ग ,पाँचपोखरी , तीन कुण्ड हुँदै लेकसिंग खर्क ( आधार शिविर )<br>२.वाँसखर्क , वरुवा , डूयाग गुफा हुँदै लेकसिंग खर्क ( आधार शिविर )<br>३. ओखरेनी , च्योच्योडाडा , नोस्याम पाटी , पाँचपोखरी , तीन कुन्ड हुँदै हुँदै लेकसिंग खर्क ( आधार शिविर ) |
| १२. | गुगल नक्सा सच्याउने सम्वन्धमा | ➢ यस पालिकाको गुगल नक्शामा केहि स्थानहरुको नाम फरक पर्न गएकोले सो नाम संसोधन गर्नको लागि सम्वन्धित निकायमा सिफारीस सहित अनुरोध गर्ने निर्णय गरियो । |
| १३. | अन्तर पालिका भ्रमण कार्यक्रम अनुमोदन सम्वन्धमा | ➢ यस गाउँपालिकाबाट तपसिल बमोजिमको स्थानीय तहमा भएको अन्तरपालिका भ्रमण कार्यक्रम अनुमोदन गरियो ।<br>१. सुनसरी जिल्ला ईटहरी उप महानगर पालिका<br>२. मुस्ताङ्ग जिल्ला , घरपझोङ गाउँपालिका |
| १४. | टेन्डर भै बाकी रहेको रकमको पुन कार्य गराउने सम्वन्धमा | ➢ यस पालिकाले चालु आ.व. ०७८/०७९ को स्वीकृत वजेट बमोजिमका तपसिल बमोजिमको आयोजनाहरुको टेन्डर प्रक्रिया सम्पन्न गरी मूल्यांकन समितिबाट समेत सिफारीस भई सकेकोले उक्त योजनाहरुको सम्वन्धित निर्माण व्यावशायीसँग संझौता प्रक्रिया अघि वढाउने र वाँकी रहेको रकमको पनि पुनः सोही योजनाको वाँकी काम गराउने गरी आवश्यक प्रक्रिया अघि वढाउने निर्णय गरियो ।<br>**संझौताको लागि आवश्यक प्रक्रिया अघि वढाउने योजनाहरु** :<br>१.डूयान झरना निर्माण छिम्ती वडा नं. ३<br>२.स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ६<br>३. तोप्के स्यों झरना सिंचाई कुलो निर्माण वडा नं ५ |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
## आ.व. २०७८/०७९

बैठक नम्वर : १०२ औं बैठक मिति : २०७८/०८/०७

बैठक स्थान : गाउँपालिकाको सभा हल

| | | |
|---|---|---|
| | | ४.गाउँपालिका केन्द्र खानेपानी योजना वडा नं. ६<br>५. मुढे पातल खानेपानी निर्माण आयोजना वडा नं. ८ |
| १५. | विभिन्न कार्यविधि , तथा मापदण्ड पारित गर्ने सम्वन्धमा | ➢ तपसिल बमोजिमका कार्यविधि तथा मापदण्डहरु पारित गर्ने निर्णय गरियो ।<br>१. वाल अधिकार समिति तथा वाल कोष सन्चालन कार्यविधि २०७८<br>२. बाल विवाह रोकथाम तथा न्यूनीकरण सम्वन्धी कार्यविधि २०७८<br>३. खानी तथा खनिज पदार्थ संरक्षण सम्वन्धी कार्यविधि २०७८<br>४. सम्मानको लागि कर्मचारी तथा शिक्षक छनौट तथा सिफारीस सम्वन्धी मापदण्ड २०७८<br>५. विद्यालयमा जनप्रतिनिधि तथा कर्मचारी कार्यक्रम सन्चालन सम्वन्धी मापदण्ड २०७८<br>६. सार्वजनिक कार्यमा श्रमदान गराउने सम्वन्धी मापदण्ड २०७८ |